राष्ट्रिय सूचना आयोग

सूचनाको हकसम्बन्धी

सचित्र पुस्तिका

लोकतन्त्रको आधार : सूचनाको अधिकार


पारदर्शिता
सूचनामा पहुँच
नागरिक सर्वोच्चता
जवाफदेही शासन
सुसूचित हुने
सूचना
सूचना
सूचना
सूचनाको हक

राष्ट्रिय सूचना आयोग

कृष्णहरि बाँस्कोटा
प्रमुख सूचना आयुक्त

किरणकुमार पोखरेल
सूचना आयुक्त

यशोदादेवी तिम्सिना
सूचना आयुक्त

लक्ष्मण प्रसाद मैनाली
सचिव

आयोगको भनाई

राष्ट्रिय सूचना आयोगले नेपालको संविधान, सूचनाको हकसम्बन्धी ऐन र नियमावलीले नागरिकलाई प्रदान गरेको सूचनाको हकको संरक्षण, सम्बर्द्धन र प्रचलनका लागि विविध प्रयास गर्दै आएको सन्दर्भमा सार्वजनिक निकाय र आम नागरिक दुवै पक्ष लाभान्वित हुने गरी सचित्र र सरल भाषामा सूचनाको हकसम्बन्धी जानकारीहरु प्रस्तुत पुस्तिकामा मुद्रित गरिएको छ । सामान्यतः कुनैपनि चित्रले शब्दले भन्दा कैयौ गुण बढी प्रभावकारीढंगले सूचना प्रवाह गर्ने विश्वास गरिन्छ । यही कुरालाई मनन गरी प्रस्तुत पुस्तिकामा चित्र र त्यसको व्याख्या गर्ने शब्द सहितको प्रस्तुतीकरण गरिएको छ ।

वास्तविकताको विश्लेषण गर्दा सूचनाको हकका सन्दर्भमा अझै पनि कैयौ नागरिकहरु आफ्नो हक प्रति अनभिज्ञ छन् । यसैगरी सार्वजनिक निकायहरु पनि आफूलाई संविधान र कानुनले प्रदान गरेको दायित्व प्रति पूर्णतः जानकार छैनन् । यस्तो स्थितिमा चित्र सहित सरल भाषामा सूचनाको हक के हो ? सार्वजनिक निकायको दायित्व के के हुन ? सूचना अधिकारीले कस्तो भूमिका निर्वाह गर्नुपर्छ ? नागरिकहरुले विभिन्न स्थान र प्रयोजनका लागि प्रस्तुत गर्ने निवेदन, उजूरी र पुनरावेदनका ढाँचा कस्तो हुन्छ ? भनी प्रस्तुत पुस्तिकामा तिनको ढाँचा समेत प्रस्तुत गरिएकाले यो पुस्तिका सबैका लागि समानरुपमा उपयोगी हुने ठानेका छौं । यस पुस्तिकाका लागि चित्र तयार गर्नु हुने कलाकार एवं प्रस्तुत पुस्तिका तयारी र प्रकाशनमा खटिईनु हुने सबै राष्ट्रसेवक कर्मचारीहरु प्रति आयोगको तर्फबाट हार्दिक धन्यवाद ज्ञापन गर्दछौं ।

कृष्णहरि बाँस्कोटा
प्रमुख सूचना आयुक्त

सूचनाको हक किन र कसलाई ?

नागरिकका लागि

- राज्यले उपलब्ध गराउने सेवा सुविधाको बारेमा जनतालाई जानकारी गराई उनीहरुको सेवा प्रतिको पहुँच वृद्धि गर्न ।
- राज्यको विकासका लक्ष्य, नीति योजना तथा कार्यक्रम र उपलब्धिको बारेमा नागरिकलाई जानकारी गराई उनीहरुलाई विकासको मूल प्रवाहमा समाहित गर्न सहयोग गर्न ।
- राज्यको नीति तथा कार्यक्रम तर्जुमामा र सो को कार्यान्वयनमा नागरिक सहभागिता अभिवृद्धि गर्न ।
- सार्वजनिक निकायको नीति, कार्यक्रम तथा उपलब्धिको मापन तथा मूल्याङ्कनमा नागरिकको सहभागिता अभिवृद्धि गरी यी निकायहरुको जवाफदेहिता वृद्धि गराउन ।
- विकासको मूल प्रवाहबाट टाढा रहेका तथा सिमान्तकृत समुदायलाई राज्यले उनीहरुको अधिकार सुनिश्चित गर्न लिएको नीतिको बारेमा जानकार बनाई मुलप्रवाहिकरण गर्न ।

नागरिक
सूचना

सूचना के हो ?

सूचनाको हकसम्बन्धी ऐन, २०६४ ले सार्वजनिक निकायबाट सम्पादन हुने वा भएको सार्वजनिक महत्वको काम र तत्सम्बन्धी कारवाही वा निर्णयसँग सम्बन्धी कुनै लिखत सामाग्री वा जानकारीलाई सूचना भनी परिभाषित गरेको छ । सूचना लिखित, मौखिक अथवा विध्युतिय सबै प्रकारका हुन सक्छन् ।

सूचनाको हक के हो ?

सार्वजनिक निकायमा भए गरेका काम कारवाही खुला र पारदर्शी बनाउनको लागि सूचनाको हकसम्बन्धी ऐन, २०६४ ले व्यवस्था गरे अनुसार सार्वजनिक महत्व तथा सरोकारको सूचना माग्ने अथवा प्राप्त गर्ने अधिकार नै सूचनाको हक हो । यो हकले नागरिकलाई निम्न प्रकारको अधिकार सुनिश्चित गरेको छ ।

- कुनै पनि सार्वजनिक निकायमा रहेको लिखत तथा सामग्रीको अध्ययन, अनुसन्धान गर्ने तथा प्रमाणित प्रतिलिपि प्राप्त गर्ने ।
- सार्वजनिक महत्वको निर्माण कार्य भएको स्थानको अध्ययन, अवलोकन भ्रमण गर्ने तथा प्रमाणित नमुना लिने ।
- कुनै पनि प्रकारको यन्त्रको संचालन सम्बन्धी सूचना प्राप्त गर्ने आदि ।

सार्वजनिक महत्वको सूचना भनेको के हो ?

- सार्वजनिक निकायका नीति, योजना तथा कार्यक्रम र सो को प्रगति विवरण ।
- बजेट तथा खर्चको फाँटवारी ।
- राज्यका निकायले गरेका निर्णय तथा परिपत्र (सर्कुलर) ।
- सार्वजनिक निकायले गरेका काम कारवाहीको विवरण ।
- सार्वजनिक निकायमा रहेको सूचना अथवा अन्य लिखत / अभिलेख ।
- नागरिकले तिरेको करबाट सञ्चालित निकायले गर्ने काम कारवाही तथा राज्य सञ्चालन सम्बन्धी विषयहरु ।
- नागरिकले पाउने समान सेवा र सुविधा एवं त्यसको मूल्य र गुणस्तरसँग सरोकार राख्ने सबै विषयहरु ।
- सार्वजनिक चासो तथा सरोकारका सम्पूर्ण विषय ।
- कानुनले तोकेका सबै सार्वजनिक निकायबाट सञ्चालित गतिविधिहरु ।


नेपालको संविधान
सूचनाको हक सम्बन्धी ऐन-२०६६
सूचनाको हक सम्बन्धी नियमावली-२०६७
राष्ट्रिय सूचना आयोग

सूचनाको हकको संरक्षण, सम्बर्द्धन र प्रचलनमा राष्ट्रिय सूचना आयोगको भूमिका

नेपालको संविधानको धारा २७ मा सूचनाको हकलाई नागरिकको मौलिक हकको रुपमा प्रत्याभूत गरिएको छ । यसको प्रचलनका लागि सूचनाको हकसम्बन्धी ऐन, २०६४ जारी भएको छ ।

सूचनाको हकसम्बन्धी ऐन, २०६४ को दफा ११ मा सूचनाको हकको संरक्षण, सम्बर्द्धन र प्रचलन गर्ने कामको लागि एक स्वतन्त्र राष्ट्रिय सूचना आयोग रहने व्यवस्था छ ।

आयोगमा प्रमुख सूचना आयुक्त र दुई जना सूचना आयुक्त रहन्छन् ।

सार्वजनिक निकायका सूचना अधिकारी र प्रमुखसँग माग गरिएको सूचना उपलब्ध नभई ऐनको दफा १० बमोजिम पर्न आएको पुनरावेदनमा आयोगले सम्बन्धित निकायलाई माग बमोजिमको सूचना दिनु भन्ने आदेश दिन सक्छ ।

ऐनको दफा ८ बमोजिम सूचना वापत लाग्ने दस्तुर, दफा २९ बमोजिम सूचनादाताको संरक्षणका सम्बन्धमा र दफा ३१ बमोजिम सूचना दुरुपयोग गरेकामा आयोगसमक्ष उजूरी पर्न सक्तछ ।

यसैगरी ऐनको दफा २७ बमोजिम सूचनाको वर्गिकरणको पुनरावलोकनका लागि र दफा ३३ बमोजिम माग गरेको सूचना नपाएका कारण पुगेको क्षतिका सन्दर्भमा क्षतिपूर्ति मागको निवेदन पनि आयोगमा पर्न सक्तछ । यसरी प्राप्त उजूरी र निवेदन उपर आयोगले उपयुक्त आदेश जारी गर्न सक्तछ ।

सूचनाको हकसम्बन्धी ऐनको दफा १९ अनुसार आयोगले सार्वजनिक निकायमा रहेको सार्वजनिक महत्वको सूचना सम्बन्धी अभिलेख, लिखत तथा अन्य सामाग्रीको अध्ययन तथा अवलोकन गर्ने, ती सामाग्री मिलाई राख्न आदेश दिने, नागरिकको जानकारीका लागि सूचना सार्वजनिक गर्न सम्बन्धित सार्वजनिक निकायलाई आदेश दिने र सूचनाको हकको संरक्षण र सम्बर्द्धनमा नेपाल सरकारलाई आवश्यक सुझाव दिने लगायतको यस क्षेत्रमा उपयुक्त आदेश दिन सक्ने व्यवस्था छ ।


सरकारी निकाय
राजस्वबाट अनुदान लिएका निकाय
सार्वजनिक निकायहरु

सार्वजनिक निकाय अन्तर्गत कस्ता निकाय पर्छन् ? तिनको दायित्व के हो ?

सूचनाको हकसम्बन्धी ऐन बमोजिम सार्वजनिक निकाय अन्तर्गत सबै संवैधानिक निकाय र सरकारी कार्यालयहरु, राजनैतिक दल र संगठनहरु, राष्ट्रिय र अन्तर्राष्ट्रिय गैर सरकारी संस्थाहरु, निजी क्षेत्र र कानुनद्वारा स्थापित सबै निकायहरु पर्दछन् । ती निकायको प्रमुख दायित्व निम्नानुसार रहेको छ :

- नागरिकको सूचनाको हकको सम्मान र संरक्षण गर्नु ।
- सूचना वर्गिकरण गर्नु ।
- बीस वर्षसम्मका सूचना अद्यावधिक गरी राख्नु ।
- आफ्नो निकायसँग सम्बन्धित सूचना प्रत्येक ३/३ महिनामा तोकिएका २० वटा शीर्षकमा सार्वजनिक गर्नु ।
- सूचनामा नागरिकको पहुँचलाई सरल र सहज तुल्याउनु ।
- आफ्ना कर्मचारीलाई सूचनाको हकको प्रभावकारी पालना गराउन सक्षमता विकासका लागि तालीम दिनू ।
- आफ्ना काम कारवाही खुला र पारदर्शि तुल्याउनू ।
- विभिन्न संचारका माध्यम र भाषाको उपयोग गरी आफ्ना सामाग्री नियमितरुपमा सार्वजनिक गर्नु ।
- सूचनाको हकसम्बन्धी ऐन बमोजिम सूचनाको संरक्षण गर्नु ।
- सूचनादाताको संरक्षण गर्नु ।
- आफूले प्रदान गरेको वा प्रवाह गरेको सूचना कसैले दुरुपयोग गऱ्यो भन्ने लागेमा राष्ट्रिय सूचना आयोगमा उजूरी गर्नु ।
- कसैले आफ्नो निकायमा गलत सूचना अद्यावधिक भैरहेको छ भनी जानकारी दिएमा छानवीन गरी सूचना सच्चाएर वास्तविक सूचना मात्रै राख्नु ।

सूचनाका प्रकारहरु

सूचना प्रवाह गर्न सूचना अधिकारीको व्यवस्था

प्रत्येक सार्वजनिक निकायले अनिवार्यरुपमा सूचना अधिकारी तोक्नु पर्छ ।

सूचना अधिकारी सूचनाले सुसम्पन्न हुनुपर्छ ।

सूचना अधिकारीले नागरिकको पक्षमा काम गर्नुपर्छ ।

सूचना अधिकारीको नाम, फोटो र सम्पर्क नम्बर सहितको फ्ल्क्स वोर्ड सार्वजनिक गर्नुपर्छ ।

जिल्ला सदरमुकाममा सूचना अधिकारीहरुको एकीकृत नामावली भएको होर्डिङ्ग वोर्ड ठाँउ ठाउँमा सार्वजनिक गर्नुपर्छ ।

सूचना अधिकारीको विवरण वेभसाइटको अग्रपृष्ठमा रहनुपर्छ ।

सूचना अधिकारी बस्ने कोठाको सहज पहिचान हुनुपर्छ ।

सूचना अधिकारीले सूचना मागेको दर्खास्त तुरुन्त छुट्टै दर्ता किताबमा अभिलेखबद्ध गरी त्यसको निस्सा निवेदकलाई दिनुपर्छ ।

वर्षभरीमा कति वटा सूचना माग भयो र सूचना प्रवाह गरियो भन्ने विवरण सार्वजनिक गर्नुपर्छ ।

सूचना शाखाको व्यवस्था गर्नुपर्छ ।

सूचना अधिकारीलाई सहयोगी कर्मचारी दिनुपर्छ ।

वर्षमा कम्तिमा एकपटक केन्द्रमा सूचनाको हकका बारेमा छलफल र सूचना अधिकारीको भेला गर्नुपर्छ ।

गुणस्तर परिक्षणको लागि प्रमाणित नमूना प्रदान

प्रमाणित प्रतिलिपी



सूचना माग गर्ने तरिका

सूचनाको हकसम्बन्धी ऐन नियम अनुसार नागरिकले लिखित वा मौखिक दुवै तरिकाले सूचना माग गर्न सक्तछन् । यस सन्दर्भमा सूचना माग गर्ने तरीका निम्नानुसार रहेको छ :

सूचना मागको निवेदन सूचना अधिकारी समक्ष पेश गर्नुपर्ने छ । सूचना अधिकारी नतोकिएको कार्यालया सोझै कार्यालय प्रमुख समक्ष निवेदन दिनुपर्ने छ ।

सूचना माग गर्ने निवेदनको ढाँचा तोकिएको छैन । आफूले जे जानेको छ, सोहीढंगले व्यहोरा लेख्न सकिन्छ । तथापी सहजताका लागि यसै पुस्तिकामा पुनारावेदन, उजूरी र निवेदनको ढांचा दिईएको छ ।

सूचना माग गर्दा कारण खुलाउनु पर्छ ।

निरक्षर र शारिरिक असक्तता भएका व्यक्तिले मौखिक रुपमा सूचना माग गर्न सक्नेछन् ।

कुनै व्यक्तिको जीउ ज्यानको सुरक्षासँग सम्बन्धित सूचना भए २४ घण्टा भित्र प्राप्त गर्नुपर्छ ।

अन्य सूचना बढीमा १५ दिन भित्र सूचना अधिकारीबाट प्राप्त हुन्छ ।

कुनै कारणवश सूचना अधिकारीबाट सूचना प्राप्त नभए त्यसको ७ दिन भित्र तत् निकायका प्रमुखसँग उजूरी गरेको ७ दिन भित्र सूचना हासिल हुन्छ ।

सूचना माग गरेपछि नागरिकले कि त लिखित रुपमा सूचना दिन इन्कार गरेको पत्र पाउनु पर्छ, कि त सूचना पाउनुपर्छ ।

कार्यालय प्रमुखले पनि सूचना दिन इन्कार गरे राष्ट्रिय सूचना आयोगमा पुनरावेदन गरी सूचना दाखिल गर्न सकिन्छ ।

सार्वजनिक निकाय
कार्य सम्पादन

वार्षिक उपलब्धि

नागरिक बडापत्र

कर्मचारीको कार्यविभाजन


प्रतिबन्धात्मक सूचना
राष्ट्रिय अखण्डता र शान्ति सुरक्षामा असर पार्ने सूचना
अपराध, अनुसन्धान तथा तहकिकातमा असर पार्ने सूचना
जातीय वा संप्रदायको सम्बन्धमा खलल पार्ने सूचना
बैकिङ्ग तथा व्यापारिक गोपनियतामा असर पार्ने सूचना
व्यक्तिगत गोपनियतामा असर पार्ने सूचना

के कस्ता सूचना सार्वजनिक गर्नु पर्दैन ?

१. नेपालको सार्वभौमसत्ता, अखण्डता, राष्ट्रिय सुरक्षा, सार्वजनिक शान्ति सुव्यवस्था वा अन्तर्राष्ट्रिय सम्बन्धमा गम्भीर खलल पार्ने ।

२. अपराध अनुसन्धान तहकिकात तथा अभियोजनमा प्रत्यक्ष असर पार्ने ।

३. आर्थिक, व्यापारिक वा मौद्रिक हित वा बौद्धिक सम्पत्तिको संरक्षण वा बैंकिंग वा व्यापारिक गोपनियतामा गम्भीर आघात पार्ने ।

४. विभिन्न जातजाति वा सम्प्रदाय बीचको सुसम्बन्धमा प्रत्यक्ष रुपमा खलल पार्ने ।

५. व्यक्तिगत गोपनियता र व्यक्तिको जीउ, ज्यान, सम्पत्ति, स्वास्थ्य वा सुरक्षामा खतरा पुऱ्याउने ।

माथि उल्लेख भए बाहेकका सबै सूचना सार्वजनिक गर्नुपर्छ । ती सूचना पाइनु नागरिकको नैसर्गिक अधिकार हो ।

तपाइलाई अध्ययन तथा अनुसन्धानको लागि चाहिने सबै सूचना र जानकारी यसै फाइलमा छ, लिनुहोस !

सार्वजनिक निकाय
नीति तथा कार्यक्रम
वार्षिक उपलब्धि

हामो गाउं र जिल्लाको विकासको लागि के कस्ता गतिविधि हुँदैछन् ? जानकारी पाउं !
जिल्ला विकास समिति
सूचना अधिकारी

यस विद्यालयको लागि आएको रकम कहाँ र कसरी खर्च भयो ? सबै विवरण सार्वजनिक गरौं !
विद्यालय

सूचनादाताको संरक्षणको व्यवस्था

सूचनाको हकसम्बन्धी ऐनमा सूचनादाताको संरक्षणको व्यवस्था छ । सो सम्बन्धमा निम्न व्यवस्था छ :

सार्वजनिक निकायमा भएको वा भइरहेको वा हुन सक्ने भ्रष्टाचार, अनियमितता र प्रचलित कानून बमोजिम अपराध मानिने कुनै कामको सूचना दिनु सम्बन्धित सार्वजनिक निकायका कर्मचारीको दायित्व हुनेछ ।

सूचना दिने सूचनादाताको पहिचान गोप्य राख्नु सूचना प्राप्तकर्ताको कर्तव्य हुनेछ ।

सूचना दिएको कारणले त्यस्तो सूचनादातालाई पदबाट मुक्त गर्न वा कुनै किसिमको कानुनी दायित्व वहन गराउने गरी सजाय गर्न वा हानी नोक्सानी पुऱ्याउन पाईने छैन ।

कसैले सूचनादातालाई कारवाही गरेमा सो निर्णय वदर गराउन र क्षतिपूर्तिको माग सहित राष्ट्रिय सूचना आयोगमा उजूरी गर्न सकिने छ ।

आयोगले यस्तो उजूरीको छानवीन गरी दण्डित गर्ने निर्णय वदर गर्न र क्षतिपूर्ति भराउने आदेश दिन सक्नेछ ।



गतिविधि
अध्ययन-अनुसन्धान
फैसला
लिस्ट
प्रतिवेदन
नीति तथा कार्यक्रम
सन्धी-सम्झौता
गोप्यता
सूचनाको हक

के कस्ता सूचना नियमित अद्यावधिक गरी सार्वजनिक गर्नु पर्छ ?

१. निकायको स्वरुप र प्रकृति ।
२. निकायको काम, कर्तव्य र अधिकार ।
३. निकायमा रहेको कर्मचारी संख्या र कार्य विवरण ।
४. निकायबाट प्रदान गरिने सेवा ।
५. सेवा प्रदान गर्ने निकायको शाखा र जिम्मेवार अधिकारी ।
६. सेवा प्राप्त गर्न लाग्ने दस्तुर र अवधि ।
७. निर्णय गर्ने प्रक्रिया र अधिकारी ।
८. निर्णय उपर उजुरी सुन्ने अधिकारी ।
९. सम्पादन गरेको कामको विवरण ।
१०. सूचना अधिकारी र प्रमुखको नाम र पद ।
११. ऐन नियम, विनियम वा निर्देशिकाको सूची ।
१२. आम्दानी खर्च तथा कारोबार सम्बन्धी अध्यावधिक विवरण ।
१३. तोकिए बमोजिमका अन्य विवरण ।
१४. अघिल्लो आर्थिक वर्षमा सार्वजनिक निकायले कुनै कार्यक्रम वा आयोजना संचालन गरेको भए सो को विवरण ।
१५. सार्वजनिक निकायको वेभसाइट भए सो को विवरण ।
१६. सार्वजनिक निकायले प्राप्त गरेको वैदेशिक सहायता, ऋण, अनुदान एवं प्रावधिक सहयोग र सम्झौता सम्बन्धी विवरण ।
१७. सार्वजनिक निकायले संचालन गरेको कार्यक्रम र सोको प्रगति प्रतिवेदन ।
१८. सार्वजनिक निकायले वर्गीकरण तथा संरक्षण गरेको सूचनाको नामावली र त्यस्तो सूचना संरक्षण गर्न तोकिएको समयावधि ।
१९. सार्वजनिक निकायमा परेको सूचना माग सम्बन्धी निवेदन र सो उपर सूचना दिइएको विषय ।
२०. सार्वजनिक निकायका सूचनाहरु अन्यत्र प्रकाशन भएका वा हुने भएको भए सोको विवरण ।

व्यवस्थित सूचना वितरण

अव्यवस्थित सूचना वितरण

सूचनाको हकको प्रचलनमा सरकारी प्रयास

नेपाल सरकारले सूचनाको हकसम्बन्धी ऐनको प्रभावकारी प्रचलनका लागि आफ्नो तर्फबाट प्रयास गरेको छ । जो निम्नानुसार छः

- प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयका सचिवको संयोजकत्वमा केन्द्रीय समन्वय इकाइ गठन गरिएको छ ।
- सूचना तथा संचार मन्त्रालयका सचिवको संयोजकत्वमा सूचनाको हकको कार्यान्वयन इकाइ गठन गरेको छ ।
- माननीय सूचना तथा संचार मन्त्रीस्तरबाट २०७१ पुष २९ गते सूचनाको हकको कार्यान्वयन तथा अनुगमन गर्ने निर्देशिका जारी गरी जिल्लास्तरमा हुलाक प्रशासनबाट अनुगमन गराउने निर्णय भएको छ ।
- राष्ट्रिय सूचना आयोगको आदेश बमोजिम २७ वटा मन्त्रालय र २१ वटा केन्द्रीयस्तरका निकायले आफ्नो र मातहत निकायमा सूचना अधिकारी तोक्ने, ३/३ महिनामा विवरण सार्वजनिक गर्ने र सूचना मागका निवेदन छुट्टै दर्ता गर्ने लगायतका काम प्रभावकारी ढंगले गरी आएका छन् ।
- पचहत्तरै जिल्लाका प्रमुख जिल्ला अधिकारीले राष्ट्रिय सूचना आयोगको आदेश अनुसार आ–आफ्नो जिल्लास्तरीय कार्यालयको नागरिक वडापत्रको संगालो प्रकाशित गरी गाउँ विकास समितिसम्म पुऱ्याइ रहेका छन् ।
- विकासको कामसंग सम्बन्धित मन्त्रालय र जनतामा प्रत्यक्ष प्रभावित पार्ने कार्यक्रम संचालन गर्ने मन्त्रालयहरुले राष्ट्रिय सूचना आयोगको आदेश बमोजिम जिल्लास्तरीय कार्यालयको परिसरमा वार्षिक बजेट र कार्यक्रम फ्लेक्स वोर्ड मार्फत सार्वजनिक गरिरहेका छन् ।

पारदर्शिता
न्याय
नागरिक सर्वोच्चता
प्रेस स्वतन्त्रता
लोकतन्त्र
सूचनाको हक

सुशासन
पारदर्शिता
लोकतन्त्र
कानूनी राज्य
नागरिक सर्वोच्चता
जवाफदेहिता
सूचनाको हक

गैरजवाबदेही
भ्रष्टाचार
अनियमितता
कुशासन
अपारदर्शिता
बेथिती
अनुत्तरदायीत्व
सूचनाको हक

कानूनी राज्य
लोकतन्त्र
नियमितता
पारदर्शिता
स्थिरता
सुशासन
उत्तरदायीत्व
सूचनाको हक

सूचना प्राप्त गर्नको लागि कति शुल्क लाग्छ ?

१. सूचना मागको निवेदन दर्ता गर्दा शुल्क तिर्न अथवा टिकट टाँस गर्न पर्दैन ।

२. पहिलो दश पृष्ठ सम्मको सूचनाको कुनै शुल्क लाग्दैन ।

३. सूचना १० पृष्ठ भन्दा लामो छ भने प्रत्येक **A4** आकारको पृष्ठको ५ रुपैयाँको दरले र **A3** आकारको सूचना भएमा पृष्ठको १० रुपैयाँका दरले शुल्क तिर्नु पर्दछ ।

४. यदि सूचना विद्युतीय माध्यमबाट प्रदान गरिएको छ भने प्रत्येक डिस्केट वा सिडी बराबर ५० रुपैयाँ तिर्नु पर्छ ।

५. सूचनाको अध्ययन र अबलोकन गर्ने भए पहिलो आधा घण्टा निशुल्क हुनेछ । त्यसपछिको आधा घण्टाको प्रति व्यक्ति रु. ५० दस्तुर तिर्नुपर्छ ।

६. सार्वजनिक निकायमा भएका कुनै लिखतको प्रमाणित प्रतिलिपि माग गरिएको छ भने त्यो लिखतको फोटोकपि गरेर प्रमाणित गरी दिंदा लाग्ने वास्तविक खर्च बराबरको शुल्क तिर्नुपर्छ ।

७. सूचनाको उत्पादन गर्न लागेको वास्तविक खर्च अनुसार सूचनाको शुल्क हुन पनि सक्नेछ । सो शुल्क सम्बन्धी जानकारी सम्बन्धित निकायबाट नै लिन सकिन्छ ।

सार्वजनिक सुनुवाई

सार्वजनिक निकायका सूचना अधिकारी समक्ष सूचना माग गर्ने निवेदनको ढाँचा

(नागरिकको सजिलोको लागि मात्र)

श्री सूचना अधिकारीज्यू,
..... कार्यालय
..... ।

विषय : सूचना उपलब्ध गराई पाऊँ ।

उपर्युक्त सम्बन्धमा म/हामी निवेदकले यस कार्यालयमा रहेको मेरो/हाम्रो/सार्वजनिक सरोकारको तपसिल बमोजिमको सूचना ..... प्रयोजनको लागि आवश्यक परेकोले नेपालको संविधानको धारा २७ तथा सूचनाको हकसम्बन्धी ऐन, २०६४ को दफा ७ को उपदफा (१) बमोजिम यो निवेदन पेश गरेको छु/छौं ।

अतः उल्लेखित सूचनाहरु सोही ऐनको दफा ३ को उपदफा (४) तथा दफा ७ को उपदफा (२)/उपदफा (४) बमोजिम उपलब्ध गराई पाऊँ ।

तपसिल

१. ..... ।
२. ..... ।

निवेदक
.....
नामः
ठेगानाः
फोन नं.:
भए ईमेल समेतः

ईति सम्बत् ..... साल ..... महिना ..... गते रोज ..... शुभम् ।

सूचना अधिकारी

कार्यालय प्रमुख
भित्र

सार्वजनिक निकायका प्रमुख समक्ष पेश गर्ने उजुरीको ढाँचा

(नागरिकको सजिलोको लागि मात्र)

श्रीमान् कार्यालय प्रमुखज्यू,
..... कार्यालय
..... ।

विषय : सूचना उपलब्ध नगराएको/सूचना दिन अस्वीकार गरेको/आंशिक रुपमा सूचना उपलब्ध गराएको/गलत सूचना दिएकोले सूचना अधिकारीलाई कारवाही गरी सूचना उपलब्ध गराई पाउँ ।

उपर्युक्त सम्बन्धमा म/हामी निवेदकले यस कार्यालयको सूचना अधिकारीलाई सम्बोधन गरी मिति ..... मा मेरो/हाम्रो/सार्वजनिक सरोकारको तपसिलमा उल्लेखित सूचना माग गरेकोमा सूचनाको हकसम्बन्धी ऐन, २०६४ को दफा ७ को उपदफा (२) मा उल्लेखित अवधिभित्र सूचना उपलब्ध नगराएको/सूचना दिन अस्वीकार गरेको/आंशिक रुपमा सूचना उपलब्ध गराएको/गलत सूचना दिएकोले सूचनाको हकसम्बन्धी ऐन, २०६४ को दफा ९ को उपदफा (१) बमोजिम यो उजुरी पेश गरेको छु/छौं ।

अतः सूचना उपलब्ध नगराउने/सूचना दिन अस्वीकार गर्ने/आंशिक रुपमा सूचना उपलब्ध गराउने/गलत सूचना दिने सूचना अधिकारीलाई कारवाही गरी उपदफा (२) बमोजिम सूचना उपलब्ध गराउन आदेश गरी पाऊँ ।

तपसिल

१. ..... ।
२. ..... ।

उजुरीकर्ता

नामः
ठेगानाः
फोन नं.:
भए ईमेल समेतः

ईति सम्बत् ..... साल ..... महिना ..... गते रोज ..... शुभम् ।

सूचनाको
हक
लोकतन्त्र

अनुसूची
(नियम ५ को उपनियम (१) सँग सम्बन्धित)

श्री राष्ट्रिय सूचना आयोगमा दिएको पुनरावेदन

मार्फत् ..... कार्यालय

..... पुनरावेदक

विरूद्ध

.....प्रत्यर्थी

विपक्षी

विषयः .....

.....सार्वजनिक निकायको प्रमुख श्री .....

.....ले मिति ..... मा मलाई/हामीलाई.....

विषयको सूचना दिन नमिल्ने गरी निर्णय गरेकोमा देहायको आधार र कारणबाट मलाई/हामीलाई सो निर्णयमा चित्त नबुझेको हुँदा ऐनको म्याद पैतीस दिनभित्र यो पुनरावेदन गर्दछु/गर्दछौं ।

(क)

(ख)

(ग)

(घ)

माथि लेखिएको व्यहोरा ठीक साँचो हो, झुट्ठा ठहरे कानुन बमोजिम सहुँला बुझाउँला ।

संलग्न कागजात

(क) सार्वजनिक निकायको प्रमुखले गरेको निर्णयको प्रतिलिपि ।

(ख)

(ग)

.....

पुनरावेदकको सही

इति सम्बत्..... साल ..... महिना..... गते रोज ..... शुभम् ।

Google
सार्वजनिक
निकाय
प्रतिवेदन

राष्ट्रिय सूचना आयोगमा पेश गर्ने दस्तुर पुनरावलोकन सम्बन्धी उजुरीको ढाँचा

(नागरिकको सजिलोको लागि मात्र)

राष्ट्रिय सूचना आयोगमा पेश गरेको
उजुरी

मार्फत् ..... कार्यालय

..... उजुरीकर्ता

विरुद्ध

.....प्रत्यर्थी
विपक्षी

विषयः दस्तुर पुनरावलोकन गरी पाऊँ ।

उपर्युक्त सम्बन्धमा ..... कार्यालयले सूचनाको हकसम्बन्धी ऐन, २०६४ को दफा ७ बमोजिम मैले माग गरेको सूचना उपलब्ध गराउदा वास्तविक लागत भन्दा बढी दस्तुर तोकिएको/लिएको हुँदा ऐनको दफा ८ को उपदफा (३) बमोजिम यो उजुरी पेश गरेको छु ।

अतः उक्त दस्तुर सूचनाको हकसम्बन्धी ऐन, २०६४ को दफा ८ को उपदफा (४) बमोजिम पुनरावलोकन गर्न उपयुक्त आदेश गरी पाऊँ ।

उजुरीकर्ता

नामः
ठेगानाः
फोन नं.:
भए ईमेल समेतः

ईति सम्बत् ..... साल ..... महिना ..... गते रोज ..... शुभम् ।

राष्ट्रिय सूचना आयोगमा पेश गर्ने क्षतिपूर्ति भराउने सम्बन्धी उजुरीको ढाँचा

(नागरिकको सजिलोको लागि मात्र)

राष्ट्रिय सूचना आयोगमा पेश गरेको
उजुरी

मार्फत् ..... कार्यालय

..... उजुरीकर्ता

विरुद्ध

.....प्रत्यर्थी

विपक्षी

विषयः सजाय/पदमुक्त गरेको निर्णय बदर/क्षतिपूर्ति भराई पाऊँ ।

उपर्युक्त सम्बन्धमा ..... सार्वजनिक निकाय/कार्यालयमा भइरहेको/हुन सक्ने भ्रष्टाचार/अनियमितता/प्रचलित कानून बमोजिम अपराध मानिने सूचना दिए वापत म ..... लाई उक्त कार्यालयले सूचनाको हकसम्बन्धी ऐन, २०६४ को दफा २९ को उपदफा (३) बमोजिम सजाय/कार्य गरेको हुँदा सोही दफाको उपदफा (४) बमोजिम यो उजुरी गरेको छु ।

अतः सूचनाको हकसम्बन्धी ऐन, २०६४ को दफा २९ को उपदफा (३) बमोजिम उक्त ..... सार्वजनिक निकाय/कार्यालय प्रमुखले मेरो विरुद्ध गरेको सजाय/पदमुक्त हुने निर्णय ऐनको दफा २९ को उपदफा (५) बमोजिम बदर/क्षतिपूर्ति रु. ..... भराई पाउन उपयुक्त आदेश गरी पाऊँ ।

उजुरीकर्ता

नामः

ठेगानाः

फोन नं.:

भए ईमेल समेतः

ईति सम्बत् ..... साल ..... महिना ..... गते रोज ..... शुभम् ।

लोकतन्त्र

- सु–शासन
- पारदर्शिता
- जवाफदेही शासन प्रणाली
- प्रेस तथा अभिव्यक्ति स्वतन्त्रता
- नागरिक सशक्तिकरण

नागरिकको सूचनाको हक

सूचनाको हक - लोकतन्त्र

- सूचनाको हक नागरिकको मौलिक अधिकार हो ।
- सूचनाको हक भनेको सार्वजनिक निकायमा रहेको सार्वजनिक महत्त्वको सूचना माग्ने र पाउने नागरिकको अधिकार हो ।
- सूचनाको हक प्रयोग गरी आफुसँग सम्बन्धित र सार्वजनिक सरोकारका सूचना मागौँ ।
- सूचना लिने र दिने संस्कृतिको विकास गरौँ ।
- कुनै पनि सार्वजनिक सरोकार : थाहा पाउने नागरिकको अधिकार ।
- सूचना हाम्रो अधिकार : सुशासन र विकासको आधार ।
- प्रत्येक नेपाली नागरिकलाई सार्वजनिक निकायको सूचना माग्ने र पाउने अधिकार छ ।

राष्ट्रिय सूचना आयोग

काठमाण्डौ, नेपाल
फोन नं. : ०१-४६०२७४७, ४६०२९२०, फ्याक्स : ०१-४६०१२१२
इमेल : info@nic.gov.np, वेभ : www.nic.gov.np/www.mis.nic.gov.np

सूचनाको हकसम्बन्धी कुनै जिज्ञासाका लागि राष्ट्रिय सूचना आयोगको हेल्प लाईन : ०१-४६००७६८ मा फोन गर्नु पर्छ ।